# वुस्टर बाल विकास
# हेड स्टार्ट कार्यक्रम
## वुस्टर पब्लिक स्कूल

वेबसाईटः www.worcesterschools.org

बालबालिका तथा उनिहरुका परिवारहरुको भविष्य बनाऔं ।

**Worcester Child Development**
**Head Start Program**

**Worcester Public Schools**
**www.worcesterschools.org**

# परिवार हाते पुस्तिका
# Family Handbook

तपाईंको बच्चाको पूर्व प्राथमिक स्कूल कार्यक्रमको लागि हेड स्टार्टलाई छनौट गर्नु भएकोमा तपाईंलाई धन्यवाद छ। हेड स्टार्टले वुस्टरमा बसोबास गर्ने परिवारहरुलाई ४५ वर्षभन्दा बढी गौरबताकासाथ सफलतापूर्वक सेवा गर्दै आइरहेको छ।

हाम्रो कार्यक्रमले तपाईंको बच्चालाई जीवनभर सिकाईको बलियो आधार प्रदान गर्छ र सम्पूर्ण परिवारलाई सकृय रुपमा संलग्न गराउँछ ।

मश्तिष्क विकास प्रगतिमा

**तपाईंलाई यो पुस्तिका अंग्रेजी बाहेक अन्य भाषामा अनुवाद गरी लिने चाहना भएमा कृपया मुख्य कार्यालयमा फोन सम्पर्क गर्नुहोस् ।**

Please call the main office at the school if you would like this document translated into a language other than English.

## स्कूल भवनको ठेगाना तथा फोन नम्बरहरु
## Building Locations & Phone Numbers

ग्रिण्डेल स्कूल, १३० लिड्स स्ट्रिट, वुस्टर, मासाच्युसेट् ०१६०६

मुख्य कार्यालयको फोन नम्बरः ५०८-७९९-३२२७

परिवार सेवा वकालतको फोन नम्बरः ५०८-७९९-३२४३

नर्सको फोन नम्बरः ५०८-७९९-३२४४

*Greendale School*

508-799-3227  Main Office

मिल स्वान स्कूल/ए, ३३७ मिल स्ट्रिट, वुस्टर, मासाच्युसेट् ०१६०२

मुख्य कार्यालयको फोन नम्बरः ५०८-७९९-३४९८

परिवार सेवा वकालतको फोन नम्बरः ५०८-७९९-३२५१

नर्सको फोन नम्बरः ५०८-७९९-३२३९

*Mill Swan School / A*

508-799-3498  Main Office

मिल स्वान स्कूल/बी, ३३७ मील स्ट्रिट, वुस्टर, मासाच्युसेट् ०१६०२

मुख्य कार्यालयको फोन नम्बरः ५०८-७९९-३२५५

परिवार सेवा वकालतको फोन नम्बरः ५०८-७९९-३२६२

नर्सको फोन नम्बरः ५०८-७९९-३२५६

*Mill Swan School /B*

508-799-3255 Main Office

मिलबरी स्ट्रिट स्कूल, ३८९ मिलबरी स्ट्रिट, वुस्टर, मासाच्युसेट् ०१६१०

मुख्य कार्यालयको फोन नम्बरः ५०८-७९९-३२३५

परिवार सेवा वकालतको फोन नम्बरः ५०८-७९९-३६९६

नर्सको फोन नम्बरः ५०८-७९९-३२३६

*Millbury Street School*

508-799-3235 Main Office

## कार्यक्रम झलक
## Program Overview

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रम सबै बच्चाहरुले निश्चित् क्षेत्रमा रहेर आफ्नो आवश्यकता आदान-प्रदान गर्छन भन्ने मान्यतामा आधारित छ । यो दर्शनबाट बच्चाले विस्तृत्, अन्तरविषय कार्यक्रम जस्ले उनिहरुको सामाजिक/भावनात्मक विकास तथा स्कूल तयारीका सीपहरुलाई बढावा दिनको लागि फाईदा लिन प्रोत्साहन गर्छ । परिवारहरुले सेवाको व्यापक दायरा जस्मा स्वास्थ्य परीक्षण, विशेष शिक्षा सेवा, पोषण, दन्त चिकित्सा र परिवार संलग्नता तथा सहयोग सेवा समावेस हुन्छन त्यसमा पहुँच पुर्याउँन सक्षम हुन्छन् । प्रत्येक परिवारको क्षमता र बच्चाहरुको अदिप्तिय अनुभवबाट यो कार्यक्रमको निर्माण गरिएको छ । परिवारहरुले आफ्नो बच्चाको विकासमा मुख्य प्रभाव पार्न सक्छन् भन्ने मानिन्छ र सकरात्मक परिणाम प्राप्त गर्ने निश्चित्ताको लागि उनिहरुलाई बच्चाको शिक्षामा सकृय रुपमा संलग्न हुन प्रोत्साहन गरिन्छ ।

## मिशन बिवरण
## Mission Statement

वुस्टर पब्लिक स्कूल, वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रमको मिशन एउटा उच्च गुणस्तरको पूर्व प्राथमिक कार्यक्रम हो । यो मिसनले बच्चाहरु स्कूल गएर सिक्नको लागि तयार हुन र उनिहरुको आत्मसम्मान र ब्यक्तिगत विकास गर्न बढावा दिन्छ । प्रत्येक परिवारको क्षमता, लक्ष्य, बच्चाको प्रथम शिक्षकको आधारमा परिवारको भूमिकालाई आदरपूर्वक निर्माण गर्दै स्वास्थ्य वातावरणलाई अभिवृद्धि गर्न अभिवक्ताको रुपमा बच्चाहरु, परिवार र समुदायमसंग साझेदारीमा कार्य गर्छ ।

## लाईसेन्सको बिवरण
## पूर्व प्राथमिक शिक्षा तथा स्याहार विभाग
## Licensing Information
## Department of Early Education and Care

ग्रिण्डेल स्कूल, मिल स्वान स्कूल र मिलबरी स्कूलमा अवस्थित वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रम वुस्टर पब्लिक स्कूल प्रणालीको एउटा भागको रुपमा रहेको छ र यो लाईसेन्स छुट सुविधामा पर्छ । यी भवनहरुले स्थानीय, राज्य अथवा संघीय लाईसेन्स आवश्यकता तथा निर्देशनको साथै हेड स्टार्ट कार्य सम्पादन मानक तथा हेड स्टार्ट ऐन (Head Start Performance Standards and Head Start Act) पुरा गर्छन । पूर्व प्राथमिक शिक्षा तथा स्याहार विभागबाट लाईसेन्स छुटको एकप्रति हेड स्टार्ट कार्यक्रम भएका सबै भवनहरुमा टाँस गरिएको छ । A copy of the license exempt certificate from the Department of Early Care & Education is posted in all Head Start buildings.

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रम सानो उमेर समुहका बच्चाहरुको लागि राष्ट्रिय शिक्षा संगठन (National Association for the Education of Young Children) बाट सम्बन्धन प्राप्त छ । The Worcester Child Development Head Start Program is Accrediated by the National Association for the Education of Young Children (NAEYC)

## भर्ना तथा दर्ता
## Enrollment & Registration

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रममा बच्चालाई भर्ना गर्नको लागि निम्न कागजपत्र अनिवार्य रुपमा पेश गर्नुपर्छ :

१. जन्म दर्ता प्रमाण पत्र अथवा जन्म दिन प्रमाणीकरण कागज

२. बासस्थानको प्रमाण जस्तै युटिलिटी (ग्यास, विजुली, आदि) कम्पनीबाट प्राप्त बिल

३. आम्दानीको प्रमाण (आम्दानी अनिवार्य रुपमा संघीय सरकारको निर्देशिकामा भने बमोजिम हुनुपर्ने छ ।)

४. अद्यावधी गरिएको खोपको प्रमाण तथा हालको शारीरिक अवस्था

**अपाङ्गता भएका बच्चालाई विशेष ध्यान दिइनेछ ।**

Children with disabilities receive special consideration.

दिवा कार्यक्रमको एक भागको लागि शुल्क लाग्ने छैन । दिनभरीको कार्यक्रमको लागि केही मात्रामा शुल्क लाग्न सक्छ ।

*दिनभरीको कार्यक्रमको लागि योग्यता निर्धारण गर्न थप कागजपत्र आवश्यक पर्न सक्छ ।

विस्तृत् जानकारीको लागि कृपया सम्पर्क गर्नुहोस : हेड स्टार्ट भर्ना विशेषज्ञ

हेड स्टार्ट प्रशासनिक कार्यालय

टेयलर भवन

७७० मेन स्ट्रिट, वुस्टर, मासाच्युसेट् ०१६१०

फोन नम्बर: ५०८-७९९-३६०८

सोमबार देखी शुक्रबार सम्म बिहान ८ बजे देखी दिउँसो ३:३० बजे सम्म (दोभाषे कर्मचारी उपलब्ध छन्)

वुस्टर पब्लिक स्कूलको अभिभावक सूचना केन्द्र (Parent Information Center) र जाकोब ह्यात स्कूल देखी पछिल्लो ढोकामा अवस्थित् छ ।

For more information please contact: Head Start Intake Specialist

Head Start Administrative Office

Taylor Building

770 Main Street

Worcester, MA 01610

508-799-3608

*म्याक्किन्ने भेन्टो घरबारबिहीन सहयोग ऐन (McKinney-Vento Homless Assistance Act) अन्तर्गत् जो बच्चा योग्य छ उसलाई घरबारबिहीन खोप अभिलेखको आवश्यकता अस्थायी रुपमा छुट दिन सकिन्छ ।

**वुस्टर बाल बिकास-हेड स्टार्ट कार्यक्रम/वुस्टर पब्लिक स्कूल**
**WORCESTER CHILD DEVELOPMENT - HEAD START PROGRAM/WPS**

**मश्तिष्क विकास प्रगतिमा**
Brain Building in Progress

## कार्यक्रम विकल्पहरु
## Program Options

**बिहान ९ बजे देखी दिउँसो १२:३० बजे सम्म र दिउँसो १ बजेदेखी बेलुकी ४:३० बजे सम्म-(हेड स्टार्टबाट आर्थिक सहायता प्राप्त)** 9:00 AM - 12:30 PM and 1:00 PM - 4:30 PM - (Head Start Funded)

टिएएनएफ (TANF) अथवा परिपुरक सूरक्षा आय (Suplemental Security Income)प्राप्त गर्ने परिवारहरु

आय जे भएतापनि पालन पोषण सम्बन्धि हेरचाह गर्ने संरक्षक (फोस्टर केयर) मा भएका बच्चाहरु

विशेष आवश्यकताको बच्चाहरु अथवा घरबारबिहीन बच्चाहरु

**बिहान ८ बजे देखी दिउसो ३ बजे सम्म र बिहान ७:३० बजे देखी बेलुकी ४:३० देखी बजे सम्म-(हेड स्टार्ट र ईइसिबाट आर्थिक सहायता प्राप्त)** 8:00AM -3:00 PM and 7:30 AM - 4:30 PM - (Head Start & EEC Funded)

अभिभावक स्कूलमा पढ्दै गरेको अथवा हप्ताको न्युनतम् २० घण्टा काम गर्दै गरेको हुनुपर्छ।

माथिको बुँदामा संघीय आय निर्देशिका लागू हुन्छ।

**बिहान ७ बजे देखी बेलुकी ५ बजे सम्म-(ईईसिबाट आर्थिक सहायता प्राप्त)** 7:00 AM – 5:00 PM_- (EEC Funded)

अभिभावक स्कूलमा पढ्दै गरेको अथवा काम गर्दै गरेको अथवा दुवै भएको, हप्ताको न्युनतम् ३० घण्टा हुनु पर्छ।

**आधा दिन कार्यक्रम** (Half day program)

- बच्चाको जन्म दर्ता प्रमाण-पत्र (Child's Birth Certificate)
- घरमूलीको आय (डिटिए, एसएसआई, एसएसडिआई, बाल सहयोग, बेरोजगार आदि) Proof of Household Income (DTA, SSI, SSDI, Child Support, Unemployment etc.)
- बासस्थानको प्रमाण (युटिलिटी बील/घर भाडा प्रमाण (लिज) (Proof of Address (utility bill/rental lease)
- अभिभावकको अनुहार देखिने परिचयपत्र (Parent Picture I.D)
- सोसियल सेक्युरिटी कार्ड अथवा राहदानी (अभिभावक र बच्चा दुवैको) Social Security cards or passports (parent & child)
- स्वास्थ्य बीमा कार्ड अथवा खोप अभिलेखहरु (Health Insurance Card & Immunization Records)

**पुरा दिन कार्यक्रम (माथि उल्लेखित कागजपत्रको अतिरिक्त)**

Full day program (In addition to the above documents)

- सोसियल सेक्युरिटी कार्ड अथवा राहदानी (अभिभावक र बच्चा दुवैको) Social Security cards or passports (parent & child)
- बच्चाको स्वास्थ्य बीमा कार्ड अथवा खोप अभिलेखहरु (Child's Health Insurance Card & Immunization Records)
- घरमा बस्ने सबै भाईबहिनीहरुको जन्मदर्ता प्रमाण-पत्र अथवा अघिल्लो वर्ष (सन् २०१५) को आयकर (income tax) फारमको एक प्रति Birth certificates for all siblings that reside in the home or a copy of last year's (2015) income tax form
- तलब खुल्ने कागजपत्र (पे स्टब), लगातार ४ वटा पे स्टबहरु (अथवा जस्ले पाक्षिक रुपमा तलब बुझ्छ उस्को २ वटा) Pay-stubs (4 consecutive pay stubs or 2 for those who get paid bi-weekly)
- स्कूल प्रमाणीकरण (समय तालिका तथा बील) School Verification (schedule and bill)
- अदालतबाट अस्थायी रुपमा कुनै कार्य नगर्न जारी गरिएको आदेश बारे सूचना (यदि लागू भएमा) Restraining Order Information(If applicable)

दिनभरीको कार्यक्रम शुल्क ईइसि (EEC) द्वारा स्थापना गरिन्छन् र परिवारको आयमा आधारित हुन्छन्। Fees for full day slots are established by EEC and are based on family income.

**अभिभावक सह-भुक्तानी**

**Parent co- payments:**

बिहान ८ बजे देखी दिउँसो ३ बजे सम्म अथवा बिहान ७:३० बजे देखी बेलुकी ४:३० देखी बजे सम्म- उनिहरुको परिवार संख्याको दैनिक दरको आधा 8:00AM – 3:00 PM or 7:30 AM - 4:30 PM – are ½ of the daily rate for their family size

बिहान ७ बजे देखी बेलुकी ५ बजे सम्म-उनिहरुको परिवार संख्याको पुरा दैनिक दर (7:00 AM – 5:00 PM – the full daily rate for their family size)

परिवारहरुलाई मासिक रुपमा बिल पठाईन्छ र बच्चाले कार्यक्रममा प्रवेश गर्नुभन्दा पहिले करार (contract) सम्पन्न गर्नु पर्छ। Families are billed monthly and required to complete a contract prior to the child entering the program.

## बाल शोषण तथा अवहेलना नीति

## Child Abuse & Neglect Policy

मासाच्युसेट्स् साधारण कानूनहरु, च्याप्टर ११९, खण्ड ५१, ए तथा बी ले बाल शोषण तथा अपहेलना बारे रिपोटिङ्ग गर्ने कुरा बताउँछ र सबै व्यावसायीक स्कूलका कर्मचारीहरुले विद्यार्थी शोषणको शंकास्पद मुद्धाहरु बालबालिका तथा परिवार विभाग (Department of Children and Families) मा रिपोर्ट गर्न आवश्यक छ । कुनै पनि हेड स्टार्ट सदस्य जोसंग शोषण अथवा अपहेलना भएको विश्वास गर्ने भरपर्दो कारण छ उस्ले बालबालिका तथा परिवार विभागलाई रिपोर्ट पेश गर्न अनिवार्य रुपमा परिवार सेवाको पक्षमा केन्द्रसंग कार्य गर्नुपर्छ । साधारणतया, परिस्थिति गम्भिर र खतरनाक नभएसम्म रिपोर्ट पेश गर्ने बेलामा परिवारहरुसंग सम्पर्क गरिनेछ ।

सम्बन्धित निकाय वा बालबालिका तथा परिवार विभागले कार्यवाही गर्ने भएतापनि हेड स्टार्ट परिवार सेवाले परिवारको पक्षमा निरन्तर वकालत र सहयोग गरिरहनेछ ।

## स्कूल सुरुवात

## Start of School

सबै बालबालिकाहरु दैनिक रुपमा बिहानको ९ बजे भित्र अथवा यदि दिवा सत्रको लागि भर्ना भएको भए दिउँसो १ बजे भित्र कक्षाकोठाहरुमा हुनुपर्नेछ । बालबालिकालाई स्कूलमा ढिलो गरी ल्याउँदा उनीहरुले महत्वपूर्ण शैक्षिक अवसरहरु छुटाउँन पुग्छन् । लगातार ढिलो भएमा तपाईंले परिवार वकालत सेवासंग बैठक बस्नु पर्ने हुन सक्छ । यदि तपाईं समयमै पुग्न सक्नुहुन्न भने कृपया जतिसक्दो छिटो स्कुलमा फोन गरी जानकारी गराउँनुहोस् ।

## बालबालिका छोड्ने/लिन जाने नीति

## Release of Children/Pick Up Policy

हेड स्टार्टका कर्मचारी सदस्यहरुले अभिभावक, संरक्षक अथवा जस्को नाम बच्चालाई लिन जाने फारममा सूचिकृत गरिएको छ उसलाई मात्र बालबालिका दिन सक्छन् । Head Start staff members may only release children to parents, guardians, or those listed on the child’s authorized pick up form. जब बच्चा स्कूल जान सुरु गर्छ तब अभिभावक/संरक्षकलाई यो फारम भर्न लगाइनेछ । कुनै परिवर्तन वा अद्यावधि गरिएका घटना भएमा तत्काल स्कूललाई खबर गर्न अभिभावक/संरक्षकको उत्तरदायीत्व रहनेछ । अभिभावक माईनर (१८ वर्ष भन्दा कम उमेरको) नभएसम्म १८ वर्ष वा सो भन्दा माथि उमेर भएका व्यक्तिले मात्र बच्चालाई लिन पाउने छन् । १८ वर्ष वा सो भन्दा माथि उमेर भएको आधिकारिक व्यक्ति जस्को अनुहार देखिने परिचयपत्र साथमा छ उस्लाई मात्र बालबालिका छोडिनेछ । Children will only be released to authorized individuals 18 years of age or older who have a picture identification. सबै अभिभावक/संरक्षक अथवा अन्य आधिकारिक व्यक्तिले प्रत्येक बिहान बस बिसौनीमा अनिवार्य रुपमा पर्खिनु पर्छ र प्रत्येक दिन दिउँसो उनिहरुका बच्चालाई बस बिसौनीमा भेट्नु पर्छ । बालबालिका लिन पाउँने सूचीमा नाम भएका आधिकारीक व्यक्तिलाई मात्र बालबालिका जिम्मा लगाइनेछ । Children will only be released to those individuals on the authorized pick up list. प्रत्येक दिन अभिभावक/संरक्षक अथवा अन्य आधिकारिक व्यक्तिले अनुहार देखिने फोटो भएको परिचयपत्र अनिवार्य रुपमा आफ्नो साथमा राख्नुपर्नेछ । Each day a parent/guardian or authorized individual must have a picture identification with them.

हेड स्टार्ट बस अनुगमन गर्ने व्यक्तिले यो परिचयपत्र प्रमाणिकरण गर्नेछन् । यदि तपाईंसंग माथि भनिए बमोजिम परिचयपत्र छैन भने कृपया भयमुक्त रहन सहयोगको लागि हेड स्टार्ट सदस्यलाई भेट्नुहोस् । बस बिसौनीमा बस आएको बेला यदि तपाई त्यहाँ हुनुहुन्न भने तपाईंको बच्चा स्कूल भवनमा फिर्ता हुनेछ । यदि यस्तो भयो भने अभिभावक/संरक्षक अथवा आधिकारीक व्यक्तिको बच्चालाई स्कूलबाट ल्याउँनको लागि व्यवस्था मिलाउने उत्तरदायीत्व हुनेछ । तपाईंले आफ्नो बच्चाालाई बस बिसौनीमा लिन नगएको घटना दोहोरिएमा यातायात सेवा लिने व्यवस्थाबाट निकाल्न सकिनेछ । बस यातायात सिमित छ र यो ग्यारेन्टी छैन । Bus transportation is limited and not guaranteed!

## फोटो पहिचान नीति

## Photo Idenification Policy

बालबालिका लिन आउने प्रत्येक अभिभावक/संरक्षक अथवा अन्य आधिकारिक व्यक्तिले प्रत्येक दिन आफ्नो अनुहार देखिने फोटो भएको परिचयपत्र अनिवार्य रुपमा कार्यालयका कर्मचारी सदस्यलाई देखाउँनु पर्नेछ । Each parent/guardian or authorized pick up person must show a picture identification each day to the office staff member. कर्मचारी सदस्यले आधिकारीक व्यक्तिलाई एउटा कार्ड दिनेछन् जस्ले उनीहरुलाई बच्चा लिन आउने व्यक्तिको सही पहिचान दिन्छ । यो कार्ड कक्षाकोठाको शिक्षण टोली मार्फत प्राप्त गर्न सकिनेछ । बच्चा लिन आउने व्यक्तिलाई कर्मचारीले जति धेरै चिनेको भएता पनि यो प्रकृया आफैंमा दोहोरिनेछ । यो तपाईंको बच्चाको सूरक्षाको लागि हो । प्रत्येक दिन आफ्नो बच्चा लिन आउँदा तपाईंको अनुहार देखिने फोटो भएको परिचयपत्र आवश्यक छ । This is for your child’s safety! A picture idenfication is required daily to pick up your child. यदि तपाईंको त्यस्तो परिचयपत्र (पिक्चर आईडी) छैन भने हेड स्टार्ट भवनका कर्मचारीले तपाईंलाई निशुल्क रुपमा उपलब्ध गराउँनेछन् । यो प्रकृयामा सहयोगको लागि कृपया हेडस्टार्ट सदस्यलाई सोध्नुहोस् ।

## आधिकारिक व्यक्तिले बच्चा लिन आउने समय तालिकामा आकस्मिक परिवर्तन

## Emergency Changes in Authorized Pick Up Individuals

आपत्कालिन समय जतिखेर पनि हुन सक्छ । यदि अभिभावक/संरक्षक अथवा अन्य आधिकारिक व्यक्तिले बच्चालाई स्कुल वा बस बिसौनीबाट लिन सक्दैनन् भने अभिभावक/संरक्षक अथवा अन्य आधिकारिक व्यक्तिको स्कूलमा १२ बजे अगावै सम्पर्क गर्नुपर्ने उत्तरदायीत्व रहन्छ । मुख्य कार्यालयमा फोन गर्ने व्यक्तिले बच्चाको कोड (यो तपाईंले मात्र जान्नुपर्ने कुरा हो) अर्थात् संकेत नम्बर भन्नु पर्नेछ । तपाईंको कोड कसैलाई पनि नदिनुहोस् । The caller will need to state the child’s code (this should be something only you would know) when calling the main office.  Do not share your code with anyone.

## यातायात नीति

## Transportation Policy

हेड स्टार्ट कार्यक्रमले सिमित मात्रामा यातायात सेवा उपलब्ध गराउँछ । जुन परिवारले बस यातायात आवश्यक छ भनेर माग गर्छ उस्को लागि बस सूरक्षित गरिन्छ । परिवारहरुलाई बस ग्यारन्टी गरिएको हुँदैन । Families are not guaranteed transportation. अभिभावक/संरक्षकहरु जो बस बिसौनीमा नियमित रुपमा आफ्नो सवारी साधनमा देखिन्छन् र उनीहरुले यातायात सेवा आवश्यक छ भनेर नभनेसम्म उनिहरुलाई आफ्नै सवारी साधनबाट सेवा दिनको लागि भनिनेछ । बस बिसौनीहरुको निर्माण बच्चाले बस भित्र कम समय बिताउन भन्ने आधारमा गरिन्छ । गम्भिर परिस्थिति नभएसम्म बस बिसौनी परिवर्तन गरिने छैन ।

प्रत्येक डुरह्याम बस दुईतफ सञ्चार सम्पर्क भएको, उपयुक्त सूरक्षा उपकरण, भिडियो क्यामेरा र बस मनिटरहरुबाट सुसज्जित् हुन्छन् । कानून अनुसार हेडस्टार्ट कार्यक्रमका प्रत्येक बसहरु बच्चाको व्यक्तिगत् सूरक्षाको दृष्टिले साधनबाट सुसज्जित हुन अनिवार्य छ । कार्यक्रमले बसबाट बच्चा निकाल्ने, बस र पैदलयात्रीको सूरक्षा, र बच्चाको उपयुक्त सूरक्षाको बारेमा हेडस्टार्ट कार्यक्रम सुरु भएको ३० दिन भित्र तालिम दिन्छ । परिवारलाई यी तालिमहरुको बारेमा घरमा सूचना पठाईन्छ । सबै परिवारलाई सहभागिताको लागि स्वागत छ । सबै बस सूरक्षा सम्बन्धि सूचना अभिभावक/संरक्षकहरुलाई उपलब्ध गराइन्छ र यो बच्चाको साथमा उनीहरुको घर पठाईन्छ । "ओपेन हाउस" तथा अन्य पारिवारिक समारोहहरुमा अतिरिक्त सूचनाहरु उपलब्ध गराइनेछ । तपाईंको यस सम्बन्धि कुनै प्रश्न भएमा कृपया हेडस्टार्टका कर्मचारी सदस्यलाई सम्पर्क गर्नुहोस् ।

## विद्यार्थीको अभिलेखमा पहुँच
## Access to Student Records

वुस्टर बाल बिकास हेडस्टार्ट कार्यक्रम सबै विद्यार्थीको स्कूल भवनमा कायम गरिएको गोपनियता तथा सूरक्षाको लागि उत्तरदायी हुनेछ । कार्यालय काम सम्पादन गर्ने कर्तब्यमा विद्यार्थीको अभिलेखमा निम्न कर्मचारीहरुको पहुँच हुनेछ ।

ती कर्मचारीहरु निम्न अनुसार छन: शिक्षक, केन्द्र संयोजकहरु, संयोजकहरु, परिवार वकालत सेवा/विशेष शिक्षा कर्मचारी, सचिवहरु, नर्सहरु तथा अन्य स्वास्थ्य कर्मचारी जस्तै आहार विशेषज्ञ (Dietician) अथवा दन्त चिकित्सक र प्रशासकहरु जो हेड स्टार्ट कार्यक्रमको लागि नियुक्त भएका छन् । वुस्टर पब्लिक स्कूल विशेष शिक्षा कर्मचारी जस्ले मासाच्युसेट साधारण कानून सम्पादन गर्दा च्याप्टर ७१ बी बमोजिम बालबालिको मूल्याङ्कन गर्छन, उस्को बालबालिकाहरुको अभिलेखमा पहुँच रहन्छ ।

स्थानीय, राज्य तथा संघीय विभागका कर्मचारीहरुले कार्यालयको कामको सिलसिलामा बालबालिकाको अभिलेखमा पहुँच राख्छन् । यस्मा निम्न क्षेत्रहरु समावेस हुन्छन्: बालबालिका तथा परिवार विभाग (Department of Children and Families), कुनै अदालतहरु, जनकल्याण तथा ठगी विशेष अनुसन्धान ब्युरो (Bureau of Special Invetigation on Welfare and Fraud), बालबालिका तथा परिवार प्रशासन (Adminitration for Children and Families), आदि । अभिभावकीय भूमिकामा सेवा प्रदान गरिरहेका व्यक्तिहरुले विद्यार्थीको अभिलेखमा पहुँच राख्न सक्नेछन्::

- संरक्षक अभिभावक (भौतिक रुपमा संरक्षण गर्ने अभिभावक)
- कानूनी संरक्षक (Legal Guardian)
- विद्यार्थीको तर्फबाट कानूनी रुपमा कार्य गर्ने अधिकार प्राप्त गरेको ब्यक्ति अथवा विद्यार्थीको बुवा, आमा अथवा संरक्षकको संयोजनमा काम गर्ने अधिकार प्राप्त व्यक्ति ।

*गैरसंरक्षक अभिभावकहरुको विद्यार्थी अभिलेखमा पहुँच हुनेछैन जब:

- बच्चाको सूरक्षामा खतरा उत्पन्न हुन्छ अथवा संरक्षक अभिभावकलाई खतरा छ तब कानूनी संरक्षक अस्विकार हुन सक्छन् ।
- अभिभावकको भ्रमण अस्विकृत गरिएको छ अथवा कसैको निरिक्षणमा भ्रमण गर्न भनिएको छ ।
- एउटा अभिभावको बच्चामा पहुँच अथवा संरक्षक अभिभावकलाई अस्थायी अथवा स्थायी संरक्षण आदेशबाट निषेध गरिएको छ, संरक्षण आदेश अथवा पछि हुने कुनै परिमार्जनले विशेष रुपमा पहुँच अनुमति नदिएसम्म ।

मासाच्युसेटस् साधारण कानून च्याप्टर ७१, ३४ एच (Mass General Law, Chapter 71, 34H) बमोजिम गैर संरक्षक अभिभावकले स्कूल प्रशासनलाई विद्यार्थी अभिलेख पहुँचको लागि लिखित् रुपमा अनुरोध पेश गर्नु पर्छ।

विद्यार्थी सूचनाको लागि लिखित अनुरोध प्राप्त भएपछि प्रशासनले कुनै दस्तावेजलाई अभिभावक पहुँचबाट सिमित गर्न वा निषेध गर्न समिक्षा गर्न सक्नेछ। प्रशासनले तत्कालै संरक्षक अभिभावकलाई अनुरोध प्राप्त भएको जानकारी बारे सूचना दिनेछन्। प्रमाणित हुलाक सेवा (Certified mail) अथवा प्रथम दर्जाको हुलाक सेवा (First Class Mail) बाट सूचना अनिवार्य रुपमा दिनु पर्नेछ। त्यसरी उपलब्ध गराइने सूचनामा संरक्षक अभिभावकलाई अनुरोध गरिएको सूचनाको २१ दिन पछि उपलब्ध गराइनेछ भनी उल्लेख गर्न सकिनेछ, संरक्षक अभिभावकले कुनै अदालतबाट आएको आदेशको लागि पर्याप्त कागजपत्र उपलब्ध गराउँन सक्छन् जस्ले अस्थायी अथवा स्थायी आदेश अथवा पछि आउने आदेश जस्ले माथि उल्लेख गरिए बमोजिम संरक्षण गर्ने आदेशलाई परिमार्जन गरी विशेष सूचना पहुँचमा अनुमति दिन्छ, त्यस्तो कारणले बच्चालाई सम्पर्क गर्न अथवा बच्चाको सूचना वितरण गर्न निषेध नगरिएसम्म। यदि प्रशासनसंग पारिवारिक अदालत न्यायधिसबाट बिवरण वितरण गर्न निषेध गरिएको आदेश प्राप्त सम्बन्धि सूचना छन् भने स्कूलले तत्कालै सूचना दिन बन्द गर्नेछ र अनुरोध गर्ने अभिभावकलाई सूचना दिन बन्द गरिएको बारेमा जानकारी दिनेछ।

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रमलाई भर्ना भएका बच्चाको संरक्षक सम्झौतापत्र र मिती उल्लेखित प्रतिलिपीहरु आवश्यक पर्छ। The Worcester Child Development Head Start Program requires copies of all custodial agreements and visitation schedules for enrolled children. कानून बमोजिम हेड स्टार्ट कर्मचारी सदस्यहरुले सबै विद्यमान सम्झौताहरु र मितिहरु पालना गर्नु पर्छ। यदि बच्चा लिन आउने कुनै मिति दिइएको छैन भने हेड स्टार्ट कार्यक्रमलाई संरक्षक अभिभावक अथवा संरक्षकले भ्रमण तालिकाको लिखित दस्तावेज हस्ताक्षर गर्न लगाउँने कानूनी अधिकार सुरक्षित गरेको छ। संरक्षक अभिभावक/संरक्षकको पूर्व लिखित सहमति अथवा स्विकृत बेगर कार्यक्रमले गैर संरक्षक अभिभावकलाई उनिहरुको सामान्य भ्रमण तालिका भन्दा बाहिर बच्चा दिने छैन।

## स्वास्थ्य सूचना
## Health Information

ज्वरो आएको बच्चा, टाउकोमा जुम्रा परेको, सरुवा रोगको अवस्था आदि भएमा बच्चालाई घर पठाइनेछ। अभिभावक/संरक्षक अथवा आधिकारिक व्यक्तिलाई बच्चा स्कूलबाट लैजानको लागि खबर गरिनेछ। बच्चालाई ज्वरो आएको अथवा अन्य प्रकारको बिरामी भएको अवस्थामा तपाईंले अनिवार्य रुपमा बच्चालाई आफैं लैजाने व्यवस्था गर्नु पर्नेछ। तपाईंको बच्चालाई ज्वरो आएको कम्तिमा २४ घण्टा भित्र ज्वरोको लक्षण नहटे सम्म स्कूलमा आउँन असमर्थ हुनेछन्। हेड स्टार्ट नर्स बच्चाको चिकित्सक अथवा क्लिनिकको लिखित् आदेशमा मात्र बच्चालाई औषधी खुवाउँन उत्तरदायी हुनेछिन्। औषधी अनिवार्य रुपमा साविकको (original) प्याकेजमा हुनु पर्नेछ र बच्चाको नाम र थर लेखिएको, औषधी राखिएको मिति, म्याद गुज्रने मिति तथा कसरी खुवाउने र थन्क्याएर राख्ने भन्ने निर्देशन दिएको हुनु पर्नेछ। अपवादको रुपमा ईपि-पेन (epi-pen) अथवा अन्य ओषधीहरु जस्तैः फिजिसियनले बेनाड्रिल औषधी जस्ले एनाफाइलाटिक शक (Anaphylatic Shock) को रोकथाम गर्न पहिलो नम्बरमा सिफारिस गर्छन्। कथम्कदाचित् सास फेर्न समस्या देखियो भने बच्चाको चिकित्सकले सिफारिस गरेको ईन्हेलर (Inhalers) दिइन्छ। यदि तपाईंको कुनै प्रश्न भएमा कृपया स्कूल भवनको नर्स अथवा केन्द्रको संयोजकलाई भेट्नुहोस्। (If you have any questions, please see the building Nurse or Center Coordinator.)

**छोटो अवधीको बहिस्कण नीति**
**Short-Term Exclusion Policy**

छोटो अवधीको बहिस्कण नीति (Short-term exclusion policy) विद्यार्थी तथा कर्मचारी सूरक्षाको लागि स्थापना गरिएको एउटा मार्गदर्शन हो । रोग तथा बिरामको उपचार कर्मचारीहरुबाट हुन सक्दैन । यदि बच्चाको रोग सम्बन्धि कुनै सरोकारहरु छन्भने अभिभावक/संरक्षकहरुलाई आफ्नै चिकित्सक कहाँ अथवा क्लिनिकमा लैजानको लागि सिफारिस गरिनेछ ।
बच्चा धेरै बिरामी भई स्कूलमा उपस्थित हुन नसकेको मानिनेछ, यदिः

- बच्चाले आफुलाई राम्ररी सञ्चो भई आरामसंग कक्षा कृयाकलापहरुमा सहभागिता जनाउँन सक्ने भएको अनुभव गर्दैन । बच्चाको शरीरमा १०० डिग्री फरेनहाइट भन्दा माथि तापकम छ, काखीमा अथवा मुखमा १०१ डिग्री भन्दा माथि साथै तापकम व्यवहारमा परिवर्तन भैरहेको छ अथवा ज्वरोको लक्षण देखा परेको छ भने ।
- विद्यार्थीमा लगातार रुवाई, अत्यधिक रिस, एकनासको रोक्नै नसकिने खोकी, सास फेर्न अप्ठयारो, स्वाँ स्वाँ हुने, तथा निन्याउरो भई रहने जस्तो गम्भिर बिरामीको लक्षण देखा पर्छ ।
- झाडा पखाला तथा दिसा असामान्य रुपमा भैरहेको अवस्था र त्यसबाट सन्चो भएको २४ घण्टा सम्म र दिसा पिसाब सामान्य नभएसम्म विद्यार्थीले बिरामी बिदामा बस्नु पर्छ । यसले विद्यार्थीलाई निको हुने र प्रतिरक्षा बढाउने समय दिन्छ ।
- विद्यार्थीले २४ घण्टा भित्र एक पटक भन्दा बढी बान्ता गरेमा र सदाझैं भोजन तथा पेय बस्तु नलिएसम्म उस्ले २४ घण्टासम्म स्कूलबाट टाढै बस्नु पर्छ ।
- विद्यार्थीलाई ज्वरोसंगै डाबर तथा घाउ आएको छ भने चिकित्सकले त्यस्तो डाबर अथवा घाउ जाँच गर्नु पर्छ । स्कूल आउनको लागि विद्यार्थीले चिकित्सकबाट डाबर हटेको, सरुवा रोगको अवस्था नभएको र अन्य विद्यार्थीहरुको स्वास्थ्यमा हानी पुग्ने छैन भनी ध्यानकर्षण गराएको पत्र अथवा नोट ल्याउँनु पर्नेछ ।
- विद्यार्थीलाई सरुवा रोग लागेको छ । स्कुलमा फर्किनको लागि विद्यार्थीले चिकित्सकबाट रोग निको भएको, अन्य कसैलाई नसर्ने र अन्य विद्यार्थीलाई बिरामी नपार्ने जानकारी दिने नोट (पत्र) प्रस्तुत् गर्नुपर्छ ।
- यदि विद्यार्थीले स्कूलमा रहँदा माथि उल्लेखित कुनै पनि लक्षणहरु देखाएमा अभिभावक/संरक्षकलाई विद्यार्थी लिन आउँन तुरन्तै खबर गरिनेछ । यो तपाईंको बच्चा र विद्यालयमा भएका अन्य बच्चाहरुको सूरक्षाको निम्ति हो । यस विषयमा अन्य केही प्रश्न छन भने कृपया नर्सलाई भेट्नुहोस् ।

**सुझावहरु तथा परिवारलाई सम्झाउँने**

**Tips and Reminders for Families**

- कृपया बच्चालाई खेलौना र खाना नपठाउँनुहोस् ।
- बसमा कुनैपनि खेलौना अथवा खाना लैजान अनुमति छैन ।
- बालबालिकाले आरामदायक कपडा र जुत्ता लगाउँनु पर्छ ।
- सूरक्षाको कारणले बालबालिकाले चप्पल अथवा औंला नछोप्ने जुत्ता लगाउँन पाउने छैनन् ।

- बालबालिकालाई प्रत्येक दिन मौसम अनुसारको उपयुक्त कपडा लगाइदिनु पर्छ किनभने उनिहरु नियमित रुपमा बाहिर खेल्नेछन् । (मौसमले लगाउँने अनुमति दिएमा)
- स्कूलमा छोड्न मिल्ने गरी आपत्कालीन समय अथवा समारोहको बेला बच्चाले स्कुलमा प्रयोग गर्न सक्ने थप एकजोर लुगा पठाउँनुहोस् ।
- बच्चा छोड्ने र लिन आउने समयको पालन गर्नुहोस् र बच्चा छोड्ने र लिन आउने सबै कार्यविधीहरुको पालना गर्नुहोस् ।
- बाल बिकासमा तपाईंको ज्ञान अभिवृद्धि गर्न परिवार संलग्नता अवसरहरुको फाइदा लिनुहोस् ।
- कार्यक्रममा स्वयम्सेवक (Volunteer) भई कार्य गर्नुहोस् र अभिभावक नेतृत्व लिने अवसरको फाइदा लिनुहोस् ।
- तपाईंको बच्चाको शिक्षामा सकृय सहभागी हुन अभिभावक बैठक, कार्याशाला गोष्ठी, सल्लाहकार समुह तथा अन्य अवसरहरुमा उपस्थित हुनुहोस् ।
- शिक्षक तथा हेड स्टार्ट कर्मचारी सदस्यहरुसंग साझेदारी कार्य गर्नुहोस् ।

## कक्षाकोठा पाठ्यक्रम
## Classroom Curriculum

कार्यक्रमले अनुसन्धानमा आधारित पाठ्यक्रमको प्रयोग गर्छ जस्ले उच्च गुणस्तरको प्रारम्भिक शिक्षाको लागि मद्धत् गर्छ । यस्का कृयाकलापहरु विकासको हिसाबले उपयुक्त छन् र प्रत्येक बच्चाको व्यक्तिगत् चाहनालाई सम्बोधन गर्छन । यस्को पाठ्यक्रम राज्यको पूर्व प्राथमिक सिकाई अनुभवहरु निर्देशिका (Guidelines for Preschool Learing Expericences), मासाच्युसेटस् कार्यक्रम ढाँचा तथा हेड स्टार्ट बाल बिकास तथा पूर्व सिकाई ढाँचा (Head Strat Child Development and Elarly Learning) को ढाँचासंग मिल्छ । शिक्षण उद्धेश्यपूर्ण छ र यस्ले प्रत्येक बच्चालाई नयाँ कुरा खोजी गर्न, खेलमा संलग्न हुन र आवस्यक सीप बिकास गर्ने अवसर प्रदान गर्छ जस्ले स्कूलको लागि महत्वपूर्ण तथा दीर्घकालीन सफलताको लागि अनुमति दिन्छ । शिक्षकले प्रगतिको मूल्याङ्कन गर्न अवलोकन तथा बालबालिकाको नमूना प्रयोग गर्छन र यो मूल्याङ्कन वर्षको तीन पटक हुन्छ । यसबारेको सूचना अभिभावक सम्मेलनमा अभिभावक/संरक्षकसंग आदान-प्रदान गरिन्छ र यो कक्षाकोठा निर्देशनात्मक अभ्यासहरु गर्दा आधारको रुपमा प्रयोग गरिन्छ र कर्मचारीलाई उच्च गुणस्तरको व्यावसायीक विकास गर्न अवसरको रुपमा प्रयोग गरिन्छ ।

## अभिभावक शिक्षक सम्मेलनहरु
## Parent Teacher Conferences

औपचारिक अभिभावक/संरक्षक सम्मेलनहरु वर्षमा दुई पटक हुन्छन् । यी सम्मेलनहरुले अभिभावकलाई पाठ्यक्रमसंग परिचित गराउँछन् र उनिहरुका बच्चालाई स्कूलमा सफल पार्न शिक्षक तथा अभिभावक/संरक्षकलाई मिलेर टोलीको रुपमा काम गर्न मौका प्रदान गर्दछ ।

## घर भ्रमणहरु
## Home Visits

शिक्षण टोली, नर्स, परिवार सेवा अधिवक्ताहरु तथा हेड स्टार्टका कर्मचारीले शैक्षिक सत्र भरी होम भिजिटको व्यवस्था प्रबन्ध गर्नेछन् । यो होम भिजिटको उद्धेश्य प्रत्येक बच्चाको बारेमा सिक्न र श्रोत उपलब्ध गराउने र सम्पुर्ण परिवारलाई सक्दो मद्धत तथा सहायता पुर्‍याउनु हो ।

## चाड्पर्व उत्सव नीति
## Holiday Celebration Policy

स्कूलमा भएको सास्कृतिक विविधताको सम्मान गर्न यस कार्यक्रमले कुनै पनि चाडवाड्को उत्सव मनाउँदैन । यस विषयमा कुनैपनि प्रश्न भएमा कृपया हेड स्टार्ट कर्मचारीसंग छलफल गर्नुहोस् ।

## बाहिरी खेल नीति
## Outdoor Play Policy

बाहिरतर्फ खेल्नु बालबालिकाको लागि अत्यन्तै आवश्यक हुन्छ र यो पाठ्यक्रमको एउटा नियमित भाग हो । तपाईंको बच्चाले लिने बाहिरी खेलको आनन्दलाई अभिवृद्धि गर्न बच्चालाई मौसम अनुसारको लुगा लगाई दिनुहोस् । मौसमले साथ दिएमा मात्र बच्चाहरुलाई बाहिरी खेलमा भाग लिन दिइनेछ ।

## स्थलगत् भ्रमण नीति
## Field Trip Policy

स्थलगत् भ्रमणहरुले कक्षा पाठ्यक्मलाई अभिवृद्धि गर्छ र अभिभावक/संरक्षक तथा परिवारका अन्य सदस्यहरुलाई आफ्नो बच्चाहरुसंग समय बिताउने अवसर दिन्छ । अभिभावक/संरक्षकलाई बच्चाको स्थलगत् भ्रमणमा जान हामी स्वागत गर्छौं । अभिभावक/संरक्षकले कुनैपनि स्थलगत् भ्रमणमा भाग लिनुभन्दा अगावै अनुमतिपत्र फारममा हस्ताक्षर गर्नु अनिवार्य छ । भ्रमणमा ईकोटेरियम (Ecotarium), अग्नि नियन्त्रण कार्यालय (Fire Station), किराना पसलहरु (Grocery Stores) तथा अन्य क्षेत्रहरु पर्दछन् । सबै स्थलगत भ्रमणहरुमा जानुभन्दा पहिले तपाईंलाई जानकारी गराइनेछ । You will be notified prior to all field trips.

## अपाङ्गता /मानसिक स्वास्थ्य / विशेष शिक्षा सेवाहरु
## Disabilities/Mental Health/Special Educaton Services

हेड स्टार्टमा भर्ना भएका बालबालिकाहरुमध्ये कमसेकम् १० प्रतिशत् बालबालिका अपाङ्गता वा विशेष आवश्यकता भएका छन् । बालबालिका भर्ना भएको ४५ दिन भित्र सबैको स्वास्थ्य परिक्षण गरिन्छ । स्वास्थ्य परिक्षणको नतिजाबारे प्रत्येक परिवारलाई जानकारी गराइन्छ । सबै बच्चाहरुको आवश्यकता पुरा गर्न हरेक प्रयास गरिन्छ । कहिलेकाहीं सिफारिसको लागि पनि पठाउँन सकिन्छ । अभिभावक, शिक्षक तथा हेड स्टार्ट कर्मचारीहरुले सिफारिस वा मूल्याङ्कन आवश्यक छ वा छैन भन्ने निर्धारण गर्न संगै रहेर काम गर्छन । प्रत्येक बच्चाको आवश्यकता पुरा भएको बारे निश्चित् गर्न यस कार्यक्रमले वुस्टर पब्लिक स्कूल तथा अन्य निकायहरुसंगै काम गर्छ । सबै अभिभावक/संरक्षकहरुलाई प्रत्येक शिशिर याम (Fall Season) को बेला हुने विशेष शिक्षा वकालत तालिम मा उपस्थित् हुन अनुरोध गरिन्छ । All parents/guardians are invited to attend a Special Education Advocacy training offered each fall.

## अनुशासन तथा मार्गदर्शन नीति

## Discipline and Guidance Policy

अनुशासन तथा मार्गदर्शन एकनासको हुन्छ र यो हरेक बच्चाको व्यक्तिगत् आवश्यकता र विकासमा आधारित हुन्छ। यस्को लागि निम्न सिद्धान्तहरु अनुसरण गरिन्छ :

१. पिटाई लगायत कुनैपनि शारीरिक दण्डको प्रयोग गरिदैंन ।

२. कुनैपनि बच्चा कुर वा गम्भिर सजाय, अपमान वा मौखिक दुर्व्यवहारको विषय हुनेछैन ।

३. कुनैपनि बच्चालाई सजायको रुपमा खाना नदिने हुदैंन ।

४. कुनैपनि बच्चालाई फोहोर हुँदा, भिजेमा वा शौचालय प्रयोग नगर्दा सजाय दिने, अपमान गर्ने वा घर पठाइने छैन । शौचालय प्रयोग गर्न नजानेका बालबालिकाहरु र कुनै विशिष्ट विकास भएका अथवा चिकित्सकीय अवस्था भएकाहरुलाई शौचालय प्रयोगको विशेष कार्यविधी छ । यो कार्यविधी अभिभावक/संरक्षक र हेड स्टार्ट टोलीको सम्झौतामा प्रतिबिम्बित् हुनेछ र यो बच्चाको व्यक्तिगत् योजनामा पनि समावेस गरिएको छ ।

५. अपेक्षा गरिएको उपयुत्त आचरण सरल र स्पष्ट रुपमा खुलाइएको छ। कार्यक्रमले बच्चाहरु एउटा समुहको भागको रुपमा काम गर्न सिक्ने प्रकृयामा भएको कुरा पहिचान गरेको छ र प्रत्येक बच्चाहरुलाई उनिहरुको आवश्यकता बमोजिम प्रोत्साहन गरिन्छ। नियम पालना गर्दा उनिहरुलाई प्रशंसा गरिन्छ। अनुपयक्त व्यवहार गरेमा कक्षा शिक्षकले उनिहरुलाई व्यक्तिगत् रुपमा सम्बोधन गर्नेछन्। विद्यार्थीलाई उपयुक्त आचरणमा पुनः निर्देशन दिन मार्गदर्शन गर्न समेत गरी शिक्षक र कर्मचारीहरुलाई विभिन्न आचरण व्यवस्थापन विधीहरुमा तालिम दिइन्छ।

## अभिभावक/संरक्षकको लागि विशेष शिक्षा सेवा सम्बन्धि पुनरावेदन (अपिल) प्रकृया

## Appeal Process for Parents/Guardians with Regard to Special Education Services

यस कार्यक्रमले अपाङ्गता भएका बच्चाहरुको अग्रिम पहिचानको महत्व र अपाङ्गता भएका बच्चालाई दिइने सेवाबारे अभिभावकलाई शिक्षा दिन्छ । विशेष शिक्षा प्रकृयामा अभिभावक/संरक्षकको सहभागिता आवश्यक र लाभदायक हुन्छ । सहभागिताबाट अभिभावक/संरक्षकले उपलब्ध सेवाहरुबारे राम्रो जानकारी प्राप्त गर्नेछन् र उहाँहरुका बच्चाले न्युनतम व्यवधानयुक्त वातावरणमा समग्र विकास गर्न सक्ने पुनःआश्वासन प्राप्त गर्नेछन्। अभिभावक/संरक्षकले कार्यक्रमलाई बच्चामा अपाङ्गता भए नभएको बारे पूर्व पहिचान गर्ने अधिकार नदिएमा निम्नलिखित कदमहरु चालिनेछ :

- अपाङ्गता/ मानसिक स्वास्थ्य संयोजक र अभिभावक/संरक्षकको बीच जति सक्दो छिटो बैठक गरिन्छ।
- अपाङ्गता/ मानसिक स्वास्थ्य संयोजकले बच्चाको स्वास्थ्य परीक्षणको नतिजा परिवारको उपस्थितिमा समिक्षा गर्नेछन् र त्यस्को अतिरिक्त ब्याख्या गर्नेछन्।
- स्वास्थ्य परीक्षणको नतिजा स्विकार गर्न गाह्रो भएमा परिवारहरुलाई वहाँहरुकै उपयुक्त समयमा बच्चाको स्वास्थ्य परीक्षणमा सहभागिताको विकल्प दिइन्छ। यो विकल्पमा पनि यदि अभिभावकलाई चित्त नबुझेमा दुई महिना भित्र पुनः अर्को बैठक बोलाइन्छ।
- दोस्रो बैठक पछि पनि यदि अभिभावकलाई उक्त सेवाहरु असहज लागेमा वहाँहरुको अस्विकारलाई मानिन्छ र यस्को कागजपत्र बनाइन्छ।

## मानसिक स्वास्थ्य सेवा

## Mental Health Services

हाम्रो कार्यक्रमले तपाईंको बच्चाको स्वस्थ्य आत्म-सम्मान बढाउँन मार्ग निर्माण गर्छ। हेड स्टार्ट कार्यक्रमले हरेक बच्चालाई घर, स्कूल र भविष्यमा सफलता प्राप्तीको लागि सहयोग गर्न मानसिक स्वास्थ्य सेवा प्रदान गर्दछ। मानसिक स्वास्थ्य सेवाहरु स्कूलको मनोवैज्ञानिक प्रमाणपत्र प्राप्त भएको अपाङ्गता/ मानसिक स्वास्थ्य संयोजकद्वारा सुपरिवेक्षण गरिन्छ। बालबालिका तथा परिवारहरुको सामाजिक, भावनात्मक र संवेगात्मक स्वास्थ्य अभिवृद्धि गर्ने एकिकृत दृष्टिकोण यस प्रकार रहेको छ :

- सामाजिक/भावनात्मक विकास सम्बोधन गर्ने औपचारिक स्वास्थ्य परीक्षण सबै बच्चाहरुलाई वर्षमा दुई पटक गराइन्छ। स्वास्थ्य परीक्षणको नतिजा परिवारलाई पठाइन्छ।
- अभिभावकसंगको निरन्तर सम्पर्कबाट बच्चाको अवलोकन अथवा बच्चाको मानसिक स्वास्थ्यबारे अभिभावक सरोकार सम्बन्धि सूचना संकलन गरिन्छ।
- कुनै नयाँ अथवा पुन: देखा पर्ने स्वास्थ्य विकास सरोकारहरु पहिचान भएमा बच्चाको लागि एउटा आचरण योजना (A behavior plan) कार्यान्वयन गरिन्छ। शिक्षकहरुलाई बच्चाको आचरण र विकास सम्बन्धि सहयोग प्रदान गरिन्छ।
- अतिरिक्त सहयोग सामुदायीक साझेदारहरुसंगको सम्झौताबाट प्रदान गरिन्छ। मानसिक स्वास्थ्य सल्लाहकारहरुले कक्षाकोठा अवलोकन, तालिम, अभिभावक/संरक्षक सम्पर्क, विषय व्यवस्थापन (case management), सिफारिसहरु तथा सुझावहरु मार्फत् बच्चाको उपचारको लागि, यदि आवश्यक परेमा, मार्गदर्शन गर्छन्।
- परिवारले पूर्व पहिचान, रोकथाम तथा उपचार सम्बन्धि मानसिक स्वास्थ्य शिक्षा र सहयोग प्राप्त गर्छन्। मानसिक स्वास्थ्य शिक्षा अन्तर्गत् बालबालिकाको वातावरण, सम्बन्ध, उमेर उपयुक्त सामाजिक आचरणहरु तथा आचरण सिमा निर्धारण गर्ने तरिका अभिवृद्धि गर्ने शिर्षकहरु समावेस छन्।

## पोषण सेवा

## Nutrition Services

सबै बालबालिकाहरुलाई नास्ता र भोजन दैनिक रुपमा दिइन्छ। दिनभरी बस्ने बच्चाहरुले खाजा पनि पाउँछन्। दिवा सत्रमा भर्ना भएका विद्यार्थीहरुले भोजन र खाजा पाउँछन्। यस कार्यक्रमले बच्चालाई दैनिक चाहिने पोषणको एक तिहाई देखी आधा सम्म आवश्यकता पुरा गर्छ। सबै पोषण खानेकुराहरु युएसडिए (USDA) स्विकृत हुन्छ र खानामा कम मात्रामा बोसो, चिनी र नुन हुन्छ। खानेबेला परिवारमा सगैं बसेर खाएजस्तै विद्यार्थी र शिक्षकहरु एउटै टेबलमा बसेर खान्छन्। बच्चाहरुलाई सफासंग हात धुन, टेबलमा राम्ररी बसेर खान, आफुले खाइसकेपछि आफुले खाएको भाग सफा गर्नको लागि सहयोग गर्न सिकाइएको छ। बच्चाहरुलाई केही विशेष आहार (Special dieter), आवश्यकता या खानाको एलर्जि छ भने तपाईंलाई विशेष आहार फारम पठाइन्छ र तपाईंले त्यो फारम अनिवार्य रुपमा भरी बच्चाको चिकित्सकको हस्ताक्षर सहित पठाउनु पर्नेछ।

## मौखिक स्वास्थ्य/दाँत माझ्ने

## Oral Health/Toothbrushing

बच्चाले दैनिक रुपमा आफ्नो दाँत माझ्दछन्। प्रत्येक बच्चासंग कार्यक्रमले दिएको आफ्नो नाम लेखिएको दाँत माझ्ने ब्रस हुन्छ। ब्रसहरु बच्चाको नाम लेखिएको होल्डरमा राखिन्छ र त्यसलाई उनिहरुले प्रयोग नगर्ने समयमा नपुग्ने ठाउँमा राखिन्छ। बच्चाले

दाँत माझ्केको कुरा हेर्न कर्मचारीबाट निरिक्षण गरिन्छ जस्लाई यस्ता कृयाकलापको लागि तालिम प्रदान गरिएको हुन्छ । दन्त चिकित्सकले कक्षा सहयोग तथा सबै बच्चालाई दन्त शिक्षा प्रदान गर्छन् । दन्त चिकित्सकले मौखिक स्वास्थ्यका विषयहरु र दाँत घर स्थापना गर्ने उद्धेश्यले प्रत्येक परिवारसंग सहकार्य गर्न अभिभावक/संरक्षकलाई पनि भेट्ने छन् ।

## दन्त स्वास्थ्य तथा सूरक्षा/ चोटपटक रोकथाम

## Health and Safety/Injury Prevention

हेड स्टार्ट कर्मचारी सदस्यले आपत्कालीन समयमा उपचार तथा दन्त कार्यविधीसंग परिचित भैरहनको लागि हालको फस्ट एड (प्राथमिक उपचार सामग्री) तथा सिपिआर (CPR) प्रमाणपत्र कायम भएको हुनुपर्छ । फर्स्ट एड र सिपिआर निर्देशनहरु प्रत्येक कक्षाकोठामा टाँस गरिन्छ । कार्यक्रमको आपत्कालीन नीति तथा कार्यविधीहरु, निस्कने बाटो, आपत्कालीन नम्बरहरु सजिलैसंग पहुँच हुने स्थानहरुमा टाँस गरिएको हुन्छ । कार्यक्रमकले नियमित सूरक्षा अनुगमन तथा आपतकालीन कसरत (ड्रिल) गरी स्वच्च वातावरण प्रदान प्रदान गर्ने प्रयास गर्छ । बच्चालाई सूरक्षा नियमहरु बारे निर्देशनहरु दिइराखिनेछ । कुनै बच्चालाई चोटपटक लागेमा तत्काल ध्यान दिइनेछ । सबै चोटपटकको बारेमा सूचना अभिभावक/संरक्षकलाई गराइनेछ । चोटपटक लागि मेडिकल उपचारको लागि बाहिरको चिकित्सकलाई देखाउँन लानुपर्ने अवस्था भएमा तत्काल अभिभावक/संरक्षकलाई खबर गरिनेछ । यस कारणले हेड स्टार्ट कार्यक्रमलाई आपत्कालीन तथा दन्त उपचारको लागि परिवारले अनुमति फारम भर्नु पर्ने हुन्छ । चोटपटक रोकथामको चाबी भनेको बच्चा, परिवार, तथा कर्मचारीहरुलाई निरन्तर तालिम दिनु हो । बालबालिकाले बाल सूरक्षा, पैदलयात्री सूरक्षा, बस खाली गर्ने, आग लागि हुँदा बच्ने (Fire drill) तथा भवनहरु खाली गर्ने सम्बन्धि नियमित तालिम प्राप्त गर्नेछन् । सूरक्षा सूचना नियमित रुपमा अभिभावकहरुलाई वितरण गरिन्छ । फर्स्ट एड सामग्रीलाई सबै कक्षाहरु, कार्यालय तथा भवनका अन्य मुख्य स्थानहरुमा राखिन्छ ।  कक्षाकोठा सामग्रीहरु अन्यत्र सार्न मिल्ने तथा कक्षाकोठाबाट खेलमैदान, बाहिरी क्षेत्रहरु अथवा शैक्षिक भ्रमणमा प्रयोग गर्न सकिने सहयोगी प्रकारका हुन्छन् ।

## परिवार सेवा र परिवार संलग्नता

## Family Services/Family Engagement

हेड स्टार्ट परिवार वकालत सेवा (Head Start Family Service Advocates) प्रत्येक परिवारसंग सम्बन्ध स्थापना गर्न बालबालिकाको घर भ्रमण (home visits), एक एक जना संग सम्पर्क (one on one contacts), फोन सम्पर्क, जानकारी पत्र, (notes) तथा अन्य कृयाकलापद्वारा काम गर्छन् । कर्मचारीले उनिहरुको सामर्थ्य निर्माण, वास्तविक लक्ष्य निर्धारण गर्न तथा परिवार संलग्नता परिणाम प्राप्त गर्न परिवारहरुसंग साझ्केदारी गर्दै कार्य गर्छन् । परिवार वकालत सेवा, सहयोग तथा श्रोतको पहिचान गर्दै बच्चालाई स्वस्थ्य बनाई स्कूल जान तयार पार्न परिवारलाई सक्दो सहयोग गर्न उपलब्ध छन् । परिवार वकालत सेवाले सामुदायीक निकायहरुसंग तथा संगठनहरुसंग समन्वयकारी सहयोग सेवा, परामर्श तथा सिफारिसको लागि कार्य गर्छन् । हेड स्टार्ट परिवार वकालत सेवाले छोटो अवधीको परामर्श सेवा, संकट निवारण, वकालत तथा सिफारिस सेवा दिन्छ ।

**कार्यक्रममा परिवारलाई स्वयस्सेवा गर्न प्रोत्साहन गरिन्छ।**
**सकृय रुपमा संलग्न हुन धेरै अवसरहरु यस प्रकार रहेका छन् :**
Families are encouraged to volunteer in the Program.
Several opportunities to be actively engaged include:

- आफ्नो बच्चा अथवा कक्षाकोठामा रहेको सानो समुहको किताब पढिदिने
- अभिभावक बैठकमा उपस्थित भइदिने
- नर्स तथा सचिवलाई सहयोग प्रदान गर्ने
- कार्यासाला गोष्ठी अथवा पारिवारीक समारोहहरुमा उपस्थित हुने
- बच्चाहरुलाई उनिहरुको फुलबारीमा गोडमेल गर्न सघाउने
- शैक्षिक भ्रमणहरुमा सहभागिता जनाउँने
- सल्लाहकार बैठकहरुमा उपस्थिति जनाउँने
- नेतृत्व प्राप्त गर्ने अवसरहरुमा सहभागि हुँने
- परिवारको संस्कृति तपाईंको बच्चाको कक्षासंग आदान-प्रदान गर्ने

## अभिभावक बैठकहरु
## Parent Meetings

हेड स्टार्ट विद्यार्थीको अभिभावक भएको नाताले तपाई विद्यालयको अभिभावक समुहको सदस्य मानिनु हुन्छ। पहिलो बैठक शिशिर याम (Fall) मा हुन्छ र शैक्षिक वर्षभरी अन्य बैठकहरु हुन्छन । वर्षभरिको शैक्षिक कृयाकलापहरुको योजना बनाउँनमा अभिभावकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सकेसम्म धेरै परिवारहरुलाई उपस्थित हुन मौका मिलोस् भनि यी बैठकहरु विभिन्न समयमा राखिन्छन् । अभिभावक/संरक्षकहरुले आफ्नो बच्चासंग कुनै कृयाकलापमा भाग लिने मौका प्राप्त गर्नुहुनेछ साथै बच्चाहरुलाई हेड स्टार्ट कर्मचारीको स्याहारमा अभिभावकहरुले बैठकमा हाजिर गर्ने मौका पाउँनु हुनेछ। केन्द्र समितिको सदस्य भएको नाताले तपाईंले कार्यक्रम सञ्चालन बोर्डको प्रतिनिधी चुनाव गर्नु हुन्छ। सञ्चालन बोर्डले हेड स्टार्ट प्रशासन र स्कूल बोर्ड सदस्यहरुसंग नजिक रहेर प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण निर्णयहरु लिने गर्दछ।

## नीति परिषद्/सञ्चालन बोर्ड
## Policy Council/ Governing Board

नीति परिषद्/सञ्चालन बोर्ड धेरै मुख्य सरोकारवालाहरुबाट गठन भएको हुन्छ। यसमा हाल भर्ना भएका विद्यार्थीका अभिभावकहरुको समुह सबैभन्दा ठूलो हुन्छ। ५१ प्रतिशत् सदस्यता कार्यक्रममा हाल भर्ना भएका विद्यार्थीहरुको अभिभावक/संरक्षक अनिवार्य रुपमा हुनुपर्नेछ । बाँकी सदस्यता स्कूल बोर्ड सदस्य र सामुदायीक प्रतिनिधीबाट बनेको हुन्छ । यो समुहले हेड स्टार्टको प्रशासनिक कर्मचारी र अनुदान दिने निकायहरुसंग मिलेर कार्यक्रम र आर्थिक सञ्चालन सम्बन्धि महत्वपूण निर्णयहरु गर्छन् । सदस्यहरुले उनिहरुको एक वर्षे अवधि जम्मा तीन वर्षसम्म मात्र सिमित गर्नुपर्ने हुन्छ । बैठक हरेक महिनाको चौथो बुधबार बस्ने गर्छ । सदस्यहरुलाई बालबालिका स्याहार तथा सिमित परिवहन सेवा उपलब्ध गराइन्छ। यस विषयमा थप जानकारीको लागि कृपया हाम्रो परिवार संलग्नता विशेषज्ञ (Family Engagement Specialist) या हेड स्टार्टको कुनै कर्मचारीलाई सम्पर्क गर्नुहोस्।

## सल्लाहकार बैठकहरु
## Advisory Meetings

हालको मुद्दाहरु (Issues) जस्ले बालबालिका तथा परिवारलाई प्रभाव पार्छ, त्यस्को बारेमा छलफल गर्न धेरै सल्लाहकार समुहरुले प्रमुख व्यवस्थापकलाई सम्पर्क गर्छन् । अभिभावक/संरक्षकले कर्मचारी तथा सामुदायीक प्रनिनिधहरुसंग अथवा निकायहरुसंग वर्षैभरी कार्य गर्छन् । अवसरहरुको बारेमा अतिरिक्त सूचनाहरु हेड स्टार्ट कर्मचारी सदस्यसंग सम्पर्क गर्दा उपलब्ध हुन्छन् । सल्लाहकार बोर्डमा निम्नानुसार छन्: शिक्षा, स्वास्थ्य सेवा, तथा पुरुष सल्लाहकार बोर्ड ।

## पारिवारिक तथा सामुदायीक निकायहरुको लागि गुनासो गर्ने / सिकायत गर्ने प्रकृया
## Grievance/Complaint Process for Families and Community Agencies

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रमले परिवार तथा सामुदायीक निकायहरुको सिकायत तथा सरोकारहरु समाधान गर्न निम्न कार्यविधीहरु स्थापना गरेको छ । यो प्रकृया हेड स्टार्ट कार्यसम्पादन मानक, १३०४.५० (डी) (२) (भी) [Head Start Performance Standard, 1304.50(d)(2)(v)] को आधारमा आवश्यक छ ।

- अभिभावक/संरक्षक अथवा सामुदायीक प्रनिनिधहरुले मौखिक रुपमा उनीहरुका गुनासोहरु अनुशासन व्यवस्थापकलाई ५ दिन भित्र गुनासो, सिकायत अथवा सरोकारबारे खबर दिनु पर्छ ।
- यदि गुनासो, सिकायत अथवा सरोकार ५ दिन भित्रमा समाधान भएन भने अभिभावक/संरक्षक अथवा सामुदायीक प्रतिनिधिलेहरु उनिहरुको सिकायत लिखित रुपमा दिन सक्नेछन् र त्यो सिकायत हेड स्टार्ट निर्देशकसंग प्रस्तुत् गर्न गर्नेछन् ।
- हेड स्टार्ट निर्देशकले त्यसलाई समिक्षा गर्नेछन् र गुनासो, सिकायत अथवा सरोकार सम्बोधन गर्न ५ दिन भित्रमा उपयुक्त कार्यवाही गर्न सक्नेछन् ।
- यदि अभिभावक/संरक्षक अथवा सामुदायीक प्रतिनिधिहरुलाई कार्यवाही न्यायोचित छैन भन्ने लागेमा उनिहरुले लिखित रुपमा हेड स्टार्ट नीति परिषद / परिचालक बोर्ड (Head Start Policy Council/Governing Board) मा एउटा पुनरावेदन (अपिल) पेश गर्न सक्नेछन् ।
- यदि अभिभावक/संरक्षक अथवा सामुदायीक प्रतिनिधिहरुलाई हेड स्टार्ट नीति परिषद / परिचालक बोर्ड (Head Start Policy Council/Governing Board) मा पेश गरिएको अपिलको कार्यवाही न्यायोचित छैन भन्ने लागेमा उनिहरुले कार्यक्रमको लागि अनुदान दिने निकाय, वुस्टर पब्लिक स्कूललाई पुनरावेदन गर्न सक्नेछन् । वुस्टर पब्लिक स्कूलले त्यो सिकायत, गुनासो तथा सरोकारहरुलाई ५ दिन भित्रमा जवाफ दिन्छ र त्यो अन्तिम निर्णय हुनेछ ।

## आपराधिक अभिलेखहरुको जाँच / स्वयम्सेवकहरु
## Criminal Records Checks/Volunteers

सन् २००८ अप्रिल १४ तारिखमा लेखिएको कार्यक्रम निर्देशन, एसिएफ-पिआई-एचएस-०८-०२ (ACF-PI-HS-08-02) बमोजिम सबै हेड स्टार्ट कर्मचारी सदस्यहरुले आपराधिक अभिलेख जाँच (CORI) र औंठाछाप (राष्ट्रिय पृष्ठभूमी परीक्षण) दिनुपर्छ । यो प्रकृया सन् २०१४ अप्रिल महिना देखी लागू भएको हो ।

विद्यार्थीहरु सबैले आपराधिक अभिलेख जाँच (कोरी) दिनु पर्दछ । एम.जि.एल.सि.७१ र ३८ आर (M.G.L. c.71 & 38 R) बमोजिम वुस्टर पब्लिक स्कूलले आफ्नो स्कूलको कार्यक्रम अन्तर्गत् वर्तमान र भविष्यमा नियुक्त हुने कर्मचारी तथा स्वयम्सेवकबाट अनिवार्य रुपमा "कोरी" लिनु पर्दछ । वुस्टर पब्लिक स्कूलले स्कूलको मैदानमा काम गर्ने सहायक ठेकेदार अथवा कामदारलाई जस्ले विद्यार्थीलाई प्रत्यक्ष्य वा सुपरिवेक्षण नगरिएको बेला भेटेको अवस्थामा कामदार र ठेकेदारलाई "कोरी" र "सोरी" (SORI) फारम भर्न अनुरोध गर्न सक्छ ।

काम सुरु गर्नुभन्दा अगावै कुनैपनि हेड स्टार्ट कर्मचारी अथवा स्वयम्सेवकले अनिवार्य रुपमा "कोरी" जाँच पुरा गरेको हुनुपर्छ । "कोरी" हरेक तीन वर्षमा पुनः पेश गर्नुपर्छ । औंठाछाप प्रकृया भने एक पटक मात्र गर्नु पर्नेछ । "कोरी" जाँच उत्तीर्ण नगरेमा अथवा सुपरिनटेण्डेण्ट अथवा उनले तोकेको व्यक्तिहरुबाट लिने सो जाँचमा कुनै आपराधिक कार्य भएको पाइएमा र त्यस्तो व्यक्तिलाई बच्चासंग प्रत्यक्ष अथवा सुपरिवेक्षण विनाको सम्पर्क गर्नबाट अयोग्य छ भन्ने पाइएमा वुस्टर पब्लिक स्कूलले त्यस्ता कर्मचारी अथवा स्वयम्सेवकलाई रोजगार दिन अस्विकार गर्न सक्नेछ । "कोरी" को कागजपत्र हेड स्टार्टको प्रशासनिक कार्यालयमा राखिनेछ ।

## भवन खाली गर्ने/संकट निवारण योजना
## Building Evacuation/Crisis Response Plan

स्कुल भवन खाली गरेर भाग्नु पर्ने आपत्कालिन अवस्था आएमा तपाईलाई सूचना दिइनेछ । अभिभावक/संरक्षकसंग यदि सम्पर्क नभएमा बच्चाको सम्पर्क सूचीमा रहेको ब्यक्तिलाई खबर गरिनेछ । प्रत्येक स्कूलको भवन खाली गर्ने आफ्नै योजना हुन्छ जुन वर्षेनी अद्यावधिक गरिन्छ । यो सूचना प्रत्येक स्कूलको भवनहरुमा टाँस गरिन्छ र यसबारेमा तपाईंसंग अभिमुखिकरण (Orientation) को समयमा, अभिभावक बैठकहरुमा, समाचारपत्रमा अथवा सूचनाहरु मार्फत आदान-प्रदान गरिन्छ । भवन खाली गर्नु परेको अवस्थामा तपाईंको बच्चालाई पहिलेनै निश्चित् गरिएको ठाउँमा हेड स्टार्टका कर्मचारीले ल्याउँनेछन् । निश्चित् स्थानमा कुनैपनि बच्चालाई नपुर्‍याएसम्म अभिभावकको जिम्मा लगाइनेछैन । सबै अभिभावक/संरक्षक तथा अन्य आधिकारिक ब्यक्तिले बच्चालाई लिन आउँदा आफ्नो तस्विर खुल्ने परिचयपत्र देखाउँन अनिवार्य हुन्छ । बच्चालाई लिन आउँने ब्यक्तिको नाम बच्चालाई हाल लिन आउँने आधिकारिक ब्यक्तिहरुको सूचीमा समावेश भएको हुनुपर्छ ।

## चाँडै छोड्ने/स्कूल ढिलो हुने र स्कूल नआउने नीति
Early Release/School Delay & No School Policy

जब मौसमको अवस्थामा परिवर्तन आउँछ अथवा अन्य तत्वहरु मौसम परिवर्तनका कारक हुन्छन, वुस्टर पब्लिक स्कूलले निम्न मध्ये एक विकल्प अवलम्बन गर्नेछ । यो नीति हेड स्टार्ट कार्यक्रम भएका सबै स्कूल भवनहरुमा लागू हुनेछ ।

## वुस्टर पब्लिक स्कूल बन्द हुने
Cancelation of the Worcester Public Schools

जुन दिन वुस्टर पब्लिक स्कूलले स्कूलहरु बन्द गर्छ त्यहि दिन सबै हेड स्टार्ट स्कूलका स्थानहरु बन्द हुनेछन् ।

Should the WPS cancel school for the day all Head Start school locations will be closed.

**ढिलो गरी स्कूल खुल्ने**

**Delay School Openings**

यदि वुस्टर पब्लिक स्कूलका स्कूलहरु एक अथवा दुई घण्टा ढिलो गरी खुले भने जो बच्चा पुरा दिन अथवा मध्यान्न पछिको दिवा सेवा सत्रमा उपस्थित् हुँदैछन उनिहरुले मात्र स्कूललाई ढिलो भए अनुसार रिपोर्ट गर्नेछन् । सबै हेड स्टार्टका भवनहरु ढिलो भए अनुसार या त एक घण्टा वा दुई घण्टा पछि खुल्नेछन् । आधा दिनको लागि भर्ना भएका बालबालिकाको लागि ढिलो भएको दिन स्कूल हुने छैन । Half Day (AM) Children will not have school on Delay Days!

**चाँडै छुट्टी**
**Early Dismissal**

यदि वुस्टर पब्लिक स्कूलले चाँडै स्कूल बिदा गर्‍यो भने निम्न कुराहरु लागू हुनेछन्:

आधा दिनको कक्षा कोठाहरु बिहान ११:३० बजे बिदा गरिनेछ ।

प्रत्येक स्कूल भवनबाट बस ११:३० बजे छुट्नेछन् ।

पुरा दिनको लागि लाग्ने कक्षा कोठाहरुः सबै परिवारहरुलाई सम्पर्क गरिनेछ र उनिहरुका बच्चाहरुलाई चाँडै लैजान प्रोत्साहन् गरिनेछ ।

स्कूल नलाग्ने अथवा ढिलो हुने घोषणा निम्न रेडियो तथा टेलीभिजन स्टेशनहरुबाट गरिनेछ (Annoucements for no school or delays will be made on the following radio and television stations) :

डब्ल्युटिएजी, ५८०, एएम डब्ल्युओआरसि, १३१०, एएम (WTAG, 580, AM WORC, 1310, AM)

डब्ल्युविजेड् १०३०, एएम, डब्ल्युएक्सएलओ, १०४.५ एफ एम (WBZ, 1030, AM WXLO, 104.5 FM)

डब्ल्युएसआरएस, ९६.१, एफएम डब्ल्युसियुडब्ल्यु, ९३.१ एफएम**** (WSRS, 96.1, FM WCUW, 93.1 FM****)

डब्ल्युएचडिएच, च्यानेल ७, डब्ल्युसिभिबि, च्यानेल ५, तथा डब्ल्युबिजेड्, च्यानेल ४ र वुस्टर पब्लिक स्कुल्स्को वेबसाईट http://www.worcesterschools.org मा पाउँन सकिनेछ । (WHDH, Channel 7, WCVB, Channel 5, & WBZ, Channel 4 and can be found on the WPS website http://worcesterschools.org)

****

यो बिहान ५ बजेदेखी ६ बजे सम्म स्पानिस भाषामा प्रसारण हुन्छ ।

**महत्वपूर्ण सम्पर्कहरु**
**Important Contacts**

स्कूल(School) : ____________________________________________

फोन (Phone): ____________________________________________

शिक्षकहरु (Teachers): ____________________________________________

नर्स (Nurse): ____________________________________________

कृपया ध्यान् दिनुहोस्: तपाईंको बच्चालाई स्कूल छोड्न अथवा लिन जाँदा ब्यक्तिगत् फोनको प्रयोग नगर्नको लागि कार्यक्रमले भनेको छ । यो तपाईंको बच्चाको सूरक्षाको लागि हो! Please note:The program asks that you refrain from using your cell phone when dropping off or picking up your child. This is for your child's safety!

**वुस्टर पब्लिक स्कूल कार्यालय**
**WIC Office**

के तपाईले एपोइन्टमेन्टको (भेट) लागि पर्खिनु पर्छ? (Do you have to wait for your appointment?)

के तपाईं आफ्नो जीवनलाई सहज बनाउँन चाहनु हुन्छ? (Do you want to make your life easier?)

वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रमले वुस्टर पब्लिक स्कूल कार्यालय हाम्रो कार्यक्रममा समावेस भएको पाउँदा आपुलाई सौभाग्यशाली ठानेको छ । यो कार्यालय ३३७ मिल स्ट्रिटमा अवस्थित हाम्रो मिल स्वान भवनमा रहेको छ र यो प्रत्येक मङ्गलबार बिहान ८:३० बजे देखी बेलुका ४ बजे सम्म खुल्छ । The office is located at our Mill Swan School building, located at 337 Mill Street, and is open each Tuesday from 8:30 AM – 4:00 PM.

एपोइन्टमेन्ट बनाउँनको लागि हेड स्टार्ट भवनका सबै स्थानहरुका रहेका कार्यक्रम परिवारहरुको तर्फबाट तपाईंलाई स्वागत् छ । विस्तृत् जानकारी अथवा एपोइन्टमेन्ट बनाउँनको लागि कृपया ५०८-७५५-४७५० नम्बरमा फोन गर्नुहोस् । For more information or to make an appointment please call 508-755-4750.

**परिवार हाते पुस्तिका**
Family Handbook

मैले वुस्टर बाल बिकास हेड स्टार्ट कार्यक्रम परिवार हाते पुस्तिकाको एक प्रति प्राप्त गरेको छु र कार्यक्रमको नीति तथा कार्यविधी पालना गर्ने बारे बुझेको छु। यदि आवश्यक परेको खण्डमा यो पुस्तिका मेरो मातृभाषामा अनुवाद गर्ने सेवा समेत उपलब्ध छ भन्ने कुरा पनि मैले बुझेको छु।

---

अभिभावक / संरक्षक हस्ताक्षर (Parents/Guardians Signature)

---

बच्चाको नाम तथा कोठा संख्या (Child's Name and Room Number)

---

मिति (Date)

वुस्टर पब्लिक स्कूल एक समान अवसर/सकारात्मक कार्य रोजगारदाता/शैक्षिक सँस्था हो र वर्ण, रङ्ग, लिङ्ग, उमेर, धर्म, राष्ट्रिय उत्पति, बैवाहिक अवस्था, योनिक अभिमुखिकरण, अपाङ्गता अथवा घरबारबिहिनता आदिको कारणले भेदभाव गर्ने छैन । वुस्टर पब्लिक स्कूलले रोजगार तथा पूर्ण रुपमा साधारण तथा व्यावसायीक शैक्षिक कार्यक्रममा समान पहुँच दिन्छ । समान तथा सकारात्मक अवसर पहुँचमा विस्तृत् जानकारीको लागि मानव संशाधन व्यवस्थापकसंग सम्पर्क गर्नुहोस्। वहाँलाई २० ईभिङ्ग स्ट्रिट, वुस्टर, मासाच्युसेट्स् ०१६०९ मा भेट्न वा ५०८-७९९-३०२० मा फोन सम्पर्क गर्न सकिनेछ।

The Worcester Public Schools is an Equal Opportunity/Affirmative Action Employer/Educational Institution and does not discriminate regardless of race, color, gender, age, religion, national origin, gender identity, marital status, sexual orientation, disability or homelessness. The Worcester Public Schools provides equal access to employment and the full range of general, occupational and vocational education programs. For more information relating to Equal Opportunity/Affirmative Action contact the Human Resource Manager, 20 Irving Street, Worcester, MA 01609, 508-799-3020.